# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २९ ] काठमाडौं, पुस ११ गते २०३६ साल [ अतिरिक्ताङ्क ५१+ (ख)

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालयको

### सूचना

विशेष अदालत ऐन, २०३१ को दफा ३ को उप-दफा (१), (२) र दफा ५ को उप-दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायबमोजिम अध्यक्ष र सदस्यहरू भएको मेची कोसी अञ्चलको बसोबास र वन अतिक्रमण तथा जग्गा वितरण-सम्बन्धी विशेष अदालत गठन गरी यो आदेश जारी गरेको छ ।

| | |
|---|---|
| १. भू. पू. रा. प. स. श्री गणेशबहादुर खत्री– | अध्यक्ष |
| २. अञ्चल न्यायाधीश, कोसी अञ्चल अदालत– | सदस्य |
| ३. मेची कोसी वन सर्कल कार्यालयको कञ्जरभेटर– | सदस्य |

१. मेची र कोसी अञ्चलको झापा र विराटनगर वन डिभिजनक्षेत्रमा वन र सरकारी जग्गामा अतिक्रमण, बसोबास र जग्गा वितरण तथा जग्गा दर्ता सम्बन्धमा वन ऐन, २०१८ अन्तर्गत सजाय हुने अपराधसम्बन्धी र त्यस्तो जग्गाहरूको सम्बन्धमा हक बेहक तथा तेरो मेरो भन्ने विवाद उठी प्रचलित कानूनबमोजिम निर्णय गर्नुपर्ने देवानी-सम्बन्धी उजूरी लिई कारवाई र किनारा गर्न यस विशेष अदालतलाई सुम्पेको छ ।

२. यस अदालतले आवश्यकता अनुसार मेची र कोसी अञ्चल क्षेत्रभित्र कुनै पनि स्थानमा आफ्नो इजलास कायम गर्न सक्नेछ ।

३. यस अदालतको अवधि ३ महीनाको हुनेछ ।

आज्ञाले–
ध्रुववर सिंह थापा
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ

मुद्रण विभाग, सिंहदरबार

४६४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।